# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १९ गते २०२७ साल


श्री ५ को सरकार

### निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बागमती अञ्चल काठमाडौं जिल्ला स्यूचाटारमा कुटनैतिक नियोग क्षेत्र स्थापना गर्नको लागि निम्नलिखित जग्गा प्राप्त गर्न निर्णय गरेकोले सो जग्गाको जग्गा-धनीले जग्गा-घरको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कलंकिस्थान गा. पं. वडा. नं. ३ को कि. नं. १५१,७० र कालिमाटी गा. पं. वडा नं. १ (क) को कि. नं. १५४,१५५,१४७, पश्चिम पुरानो नैकाप वडा नं. ८ को कि. नं. ८५,४९,८, उत्तर स्यूचाटार गा. पं. वडा नं. ५ को कि. नं. २५०,२३७, वडा नं. ३ को कि. नं. १४६,२१९ वडा नं. १ को कि. नं. १३४,१३५,३३२ र कालिमाटी गा. पं. वडा नं. १ (ख) को कि. नं. १,१८,३५,३६, दक्षिण स्यूचाटार गा. पं. वडा नं. ४ कि. नं. १३६,१२८, १२९ र कलंकिस्थान गा. पं. वडा. नं. ४ कि. नं. ५०,५१,५२,५३ र ५८ कलंकिस्थान गा. पं. वडा. नं. ३ कि. नं. १५३,१५४,१५५,११८ यति चारकिल्लाभित्रको जग्गा मालपोत रू. ३० १९।४३ (तीनहजार उन्नाईसरूपैयाँ त्रिचालिसपैसा) लाग्ने जम्मा जग्गा रोपनी १०५०–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६–३ (एकहजार पचासरोपनी छआना तीनपैसा) को कित्ता र सो जग्गाभित्र परेको घर आदि समेत ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वाग्मती अञ्चल भक्तपुर जिल्ला काठमाडौंबाट भक्तपुर जाने सडकमा पर्ने खस्याङ्खुसुङ खोलामा पूल निर्माण गरी सडक सोझाउनको निमित्त निम्नलिखित चारकिल्लाभित्रका जग्गाहरू प्राप्त गर्न मिति ०२४।११।२० मा निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत उक्त ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. पूर्व मोहनामान, गारू र कृष्णबहादुरले कमाएको जग्गा, पश्चिम मूल सडक, उत्तर रामचन्द्र, कृष्णभक्तको जग्गा, दक्षिण मोहरमान, लक्ष्मीभक्त, किसनबहादुर समेतको जग्गा यति चारकिल्लाभित्रको भक्तपुर जिल्ला दुवाकोट गाउँ पञ्चायत वडा नं. १ (क) को मालपोत रू. २१।५६ (एक्काइसरूपैयाँ छपन्नपैसा) तिर्नुपर्ने जग्गा रोपनी ५।। (पाँचरोपनी आठआना) जग्गाको कित्ता एक – – – – – – – – – – – – –१

२. पूर्व ज्ञानबहादुरले कमाएको जग्गा, पश्चिम मूल सडक, उत्तर ज्ञानबहादुर तथा काजीबहादुर समेतले कमाएको जग्गा, दक्षिण खस्याङ्खुसुङ खोला यति चारकिल्लाभित्रको भक्तपुर जिल्ला दुवाकोट गाउँ पञ्चायत वडा नं. १ (घ) को मालपोत रू. ६।९२ (छरूपैयाँ बयान्नब्बेपैसा) तिर्नुपर्ने जग्गा रोपनी १।।।१ (एकरोपनी बाह्रआना एकपैसा) को कित्ता एक – – – – – – – – – १

३. पूर्व तुलसीभक्त, हरिलाल, बुलाल समेतले कमाएको जग्गा पश्चिम मूल सडक, उत्तर खस्याङ्खुसुङ खोला, दक्षिण बुलालले कमाएको जग्गा यति चारकिल्लाभित्रको भक्तपुर नगर पञ्चायत वडा नं. १५ (क) को मालपोत रू. २।२ (दुईरूपैयाँ दुईपैसा) तिर्नुपर्ने जग्गा रोपनी ।।१ (आठआना एकपैसा) को कित्ता एक – – – – – – – – १

४. पूर्व मूल सडक, पश्चिम गणेशबहादुर, बुद्धिलाल भुजू समेतले कमाएको जग्गा, उत्तर हनुमन्ते खोला, दक्षिण बुद्धिलाल भुजूले कमाएको जग्गा यति चारकिल्लाभित्रको भक्तपुर नगर पञ्चायत वडा नं. १५ (क) को मालपोत रू. ३।२४ (तिनरूपैयाँ चौबीसपैसा) तिर्नुपर्ने जग्गा रोपनी ।।।–१ (तेह्रआना एकपैसा) को कित्ता एक ––––––––––––१

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।